जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.नं. ०२/०६४/०६५

विकास, विचार र समाचारको स्वतन्त्र खुराक

**हाम्रो सम्झना छ ?**

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि
मो. नं ९७५१०१०६९५

मिड याड नेपाल
मो.नं. ९७५१०२०९६०

वर्ष १२, अंक ९ २०६७ जेष्ठ ३० गते आइतवार *Webside : www.dhadingawaj.com.np* 13 june, 2010 पृष्ठ संख्या ६ मूल्य रु. ५।–

## बढ्दैछ खानेपानीको समस्या

**बैरनी (धास)** । पानीको मुहान सुक्न थालेपछि जतातै खानेपानीको समस्या आउन थालेको छ । यस्तै खानेपानीको समस्या भोग्न बाध्य हुनु परेको छ ।

बैरेनी गाउँ विकास समिति वडा नम्वर ८ पलाङखर्क र जामुने खर्क बासीलाई । लामो समयको खडेरीका कारण पानीको मुहान नै सुक्न थालेपछि खानेपानीको समस्या बढेको हो । नजिकमा रहेको पानीको मुहान सुकेपछि पानी लिन टाढा जानु पर्ने र तीनघण्टा लाइनमा बसेर पानी थाप्नु परेको पलाङखर्क बासीले बताएका छन् । पानी सुक्न थालेपछि मानिसको लागि मात्र नभएर घर पालुवा वस्तुभाउलाई पानी पनि खुवाउन नसकिएको बताइएको छ ।

त्यसैगरी लामो समयको खडेरीले मकै, तरकारी, फलफूल लगायतको खेतीपाती पनि प्रभावित भएका छन् ।जसले गर्दा खेती यसपालीको उब्जनी घट्ने आशङकाले किसानहरु चिन्तित रहेका छन् ।

### जातीय विभेद सामान्ति संस्कार भएको ठहर

# अन्तरजातीय विवाह गर्ने चार जोडि अभिनन्दित

**धादिङवेशी (धास)** ।संविधान सभाकि सदस्य कल्पना धमलाले छुवाछुत र जातीय भेदभाव सामन्ति संस्कार भएकोले यसको विरुद्धमा सबै एक हुनुपर्ने बताउनु भएको छ । अन्तरजातीय विवाह गरेर समाजमा उदाहरण बनेका चार जोडिलाई शुक्रवार सदरमुकाम धादिङवेसीमा अभिनन्दन गर्दै सभासद धमलाले सो कुरा बताउनु भएको हो ।



अभिनन्दन समारोहलाई सम्वोधन गर्दै सभासद धमलाले देशमा ठूलो परिवर्तन भैसक्दा पनि ग्रामीण समुदायमा जातीय भेदभाव अझै कायम रहेकोले सबैलाई सामाजिक रुपान्तरणमा अघि बढ्न अनुरोध पनि गर्नुभयो । कार्यक्रममा बोल्दै एकिकृत नेकपा माओवादीका जिल्ला सह इन्चार्ज रामबहादुर भण्डारीले अन्तरजातीय विवाह गर्नु हुँदैन भन्ने सामनतवादी सोचमा आमूल परिवर्तन गराउन नसक्दासम्म सकाज परिवर्तन नहुने बताउनु भयो । यसैगरि नेकपा एमालेका अध्यक्ष गुरुप्रसाद बुर्लाकोटीले सामाजिक रुपान्तरणका लागि अन्तरजातीय विवाह उदाहरण मात्र भएको तर यसले पूर्ण रुपमा समाज परिवर्तन नहुने बताउनु भयो । बुर्लाकोटीले समाज परिवर्तनका लागि सबै वर्ग र क्षेत्रका समसदायले आत्मादेखिनै सामान्ती सोचमा परिवर्तन गर्नु पर्ने बताउनु भयो ।

दलित सेवा संघ धादिङ शाखाको आयोजनामा भएको अन्तरजातीय विवाह अभिनन्दन समारोहमा विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, नेपाल पत्रकार महासंघ धादिङका सभापति सीताराम प्रसाद वर्मा, विभिन्न सामाजिक संघ/संस्थाका प्रतिनिधिहरु लगायतले अन्तरजातीय विवाह गर्ने दम्पतिहरुलाई शुभकामना दिनु भएको थियो ।

## सत्य, तथ्य समाचार संकलन गर्न सुझाव

**धादिङ(धास)** । ग्रामीण क्षेत्रमा रहेर विभिन्न विषयमा समाचार संकलन गर्ने तथा पत्रकारितामा अघि बढ्ने ईच्छा भएकाहरुका लागि अल्पकालिन समाचार लेखन तालिम धादिङवेसीमा सम्पन्न भएको छ । व्यवसायिक सीप विकास तालिम केन्द्र गजुरीको सहयोगमा आवाज अभियान नेपालले आयोजना गरेको तालिममा जिल्लाका विभिन्न गाउँ विकास समितिका साथै नुवाकोट र चितवन जिल्लाबाट गरि ३० जनाको सहभागिता रहेको थियो ।




तालिमको उद्‌घाटन गर्दै प्रमुख जिल्ला अधिकारी भरत पौडेलले जनभावनालाई बुझेर सत्य, तथ्य समाचार सम्प्रेषण गर्न पत्रकारहरुसंग आग्रह गर्नुभयो । प्रजिअ पौडेलले तालिमका सहभागिहरुसंग विषय वस्तुको राम्रो अध्ययन गर्न र लुकेर रहेका विषयमा कलम चलाउन आग्रह गर्नुभयो । कार्यक्रममा नेपाल पत्रकार महासंघ धादिङ शाखाका अध्यक्ष सिताराम प्रसाद बर्माले आफ्नो पत्रकारीता जिवनको अनुभव सुनाउनुभएको थियो ।समाचार के हो, समाचारका विषयवस्तु के हुन सक्छन्, समाचारलाई कसरी विश्वसनीय बनाउन सकिन्छ जस्ता विषय वस्तुहरु तालिममा समावेस गरिएको आयोजकले बताएको छ ।

तालिममा नागरिक दैनिकका तिलक पाठक, सामुदायिक सूचना नेटवर्क सिआइएनका सोहम सुवेली, कान्तिपुर दैनिकका गोपाल तिवारी र सामुदायिक रेडियो प्रसारक संघ अकोराबका कोषाध्यक्ष सुवास खतिवडाले विषयवस्तु बारे जानकारी गराउनु भएको थियो ।

## झार्लाङको आलु चिप्स अब धादिङवेशीमा

**झार्लाङ (धास)** । पुर्स्तौदेखि आलुखेती गर्दै आएका झार्लाङका किसानहरुले उत्पादन गरेको आलु अब चिप्स बनेर धादिङवेशीमा आउने भएको छ ।

युवा तथा खेलकुद मन्त्रालयको सहयोगमा आवाज अभियान नेपालले झार्लाङमा आलुचिप्स निर्माण सम्वन्धि तालिम दिए पछि अब त्यहाँको आलु चिप्स बनेर विभिन्न बजारमा आउने भएको हो । आलु बाहेकका अन्य खाद्यान्न बाली उत्पादन नहुने त्यस क्षेत्रमा आलुको राम्रो उत्पादन हुँदै आएको छ । विगतमा हप्तौं लगाएर आलु बोकेर जिल्लाका अन्य भू-भागमा गई धान, मकै, कोदो सँग आलु साट्ने किसानहरु अब आलु चिप्स बनाएर बजार लैजाने र बजारबाट खाद्यान्न किनेर लैजान कस्सिएका छन् ।

पाङगारिक रुपमा उत्पादन हुँदै आएको आलुको विभिन्न परिकार बनाएर बजारमा विक्रि गर्न सके किसानको आम्दानी स्तरमा पनि वृद्धि हुने र बजारको मागमा पनि टेवा पुग्ने आवाज अभियान नेपालका कोषाध्यक्ष नवराज छत्कुली बताउनुहुन्छ । विगतमा आलु बेच्न नसकेको र खाएर मात्र नसकिने हुँदा किसानहरुलाई परेको समस्या समाधान गर्न आलु चिप्स निर्माण तालिम सञ्चालन गरिएको पनि छत्कुली बताउनु हुन्छ ।

झार्लाङका तीन दर्जन जति किसानहरु सहभागी भएको तालिम समापन पछि अब आफुहरुले उत्पादन गरेको आलुको चिप्स बनाएर बजारसम्म पुर्‍याउन लागि पर्ने सहभागिहरुले बताएका छन् । आलु चिप्स उत्पादन भए पछि बजार र मुल्यको खोजी गरिदिन पनि उनीहरुले सरोकारवालाहरुसँग आग्रह पनि गरेका छन् । जसले गर्दा किसानहरुको आय स्तरमा वृद्धि हुने विश्वास गरिएको छ ।

## विद्यालय सुधारमा गाउँ शिक्षा समिति

**धादिङ(धास)** । महादेवस्थान गाउँ विकास समितिमा शिक्षा क्षेत्रको विकासको लागि गाउँ शिक्षा समितिको गठन गरिएको छ ।

गाउँ विकास समितिको वडा नम्वर ४ मा रहेको पिपलभञ्ज्याङ माविमा भएको सर्वपक्षिय भेलाले गाउँ शिक्षा समितिको गठन गरेको हो । भेलाले गाविस सचिव लेखनाथ सुवेदीको अध्यक्षतामा ५ सदस्सीय गाउँ शिक्षा समिति गठन गरेको छ । समितिको सदस्यहरुमा बुद्धिलाल तामाङ, विमला मगर, नानीबाबु लोहनी र बसन्तराज सिलवाल रहनु भएको छ ।

यसरी गठन भएको समितिले शिक्षा नियमावली बमोजिम विद्यालयहरुका भौतिक पूर्वाधार व्यवस्थापनमा सहयोग, विद्यालयहरुको रेखदेख, साक्षरता कार्यक्रम सञ्चालन लगायतका कार्यहरु गर्ने उद्देश्य रहेको बताईएको छ ।

**धादिङ आवाज साप्ताहिक प्रत्रिका अब**
*Webside : www.dhadingawaj.com.np*
**पनि हेर्नसक्नुहुन्छ ।**

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. शर्मा दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक सरस्वती छापाखाना धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
कम्प्युटर सेटिङ : रीता लम्साल
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

## सम्पादकीय..........

# जनसख्यालाई विकास प्रयासमा एकीकृत गराऔं

वि.सं.२०५८ को जनगणना अनुसार नेपालको कुल जनसंख्या २,३१,५१,४२३ पुगेको थियो । नेपालमा जनसंख्याको वार्षिक वृद्धिदर २.२५ प्रतिशत रहेको छ । यही वृद्धि दर कायम रहेमा नेपालको हालको जनसंख्या आगामी ३३ वर्षमा दोव्वर हुने छ । नेपालको तेश्रो योजना कालदेखि परिवार नियोजन तथा मातृ शिशु स्वास्थ्य सम्बन्धी कार्यक्रमको थालनी गरेको पाइन्छ ।

विगतका आवधिक योजनाहरुमा जनसंख्या सम्बन्धी विभिनन नीति, योजना र कार्यक्रमहरु संचालन गरिएता पनि हाल सम्म जनताको जिवनस्तरमा अपेक्षित सुधार ल्याउन सकिएको छैन । कूल जनसंख्याको ३८ % नेपाली जनता अझै पनि गरिवीको रेखामुनि जीवन विताउन वाध्य बनेका छन् । नेपालमा अझै पनि जनसंख्याको ठूलो हिस्सा त्यसमा पनि महिलाहरु बढी नीरक्षर छन् । प्रजनन दर अझै पनि ४.१ रहेको छ भने शिशु मृत्युदर पनि प्रति हजार ६४ भन्दा बढी छ । राष्ट्रको समष्टिगत आर्थिक विकासदर न्युन रहेबाट प्रतिव्यक्ति आय उल्लेख्य अनुपातमा बढ्न सकेको छैन् ।

यातायात तथा संचार क्षेत्रमा भएको विकासको कारण मानिसहरु रोजगारी तथा सामाजिक सेवाको खोजीमा ग्रामीण तथा पहाडी क्षेत्रबाट तराई तथा शहरी क्षेत्र तर्फ बसाई सर्ने प्रवृत्तिको निरन्तर रुपमा वृद्धि भैरहेको छ । मानव संशाधन विकास तर्फ विगतमा भएका प्रयासहरु लक्षित वर्गसम्म पुग्न नसक्नु र उपलब्ध गराईएका सेवाहरु पनि गुणस्तरीय नभएबाट नै नेपाली जनताको आर्थिक तथा सामाजिक जीवन स्तरमा अपेक्षित प्रगति हुन नसकेको देखिन्छ । यी पृष्ठभुमीमा गरिवी निवारण र दिगो विकासमा सघाउ पुर्‍याउन जनसाख्यिक पक्षहरुलाई समग्र विकास प्रयासमा एकीकृत गरिनु आवश्यक देखीन्छ ।

# दलीय मर्म अग्ल्याउँदै जनहितकारी प्रशासनमा जनतानै ब्युँझनुर्छ

## दृष्टिकोण

✍ .बद्रीप्रसाद दाहाल



राजा वा श्रेष्ठ नीतिका अभिकर्ताहरु नै राजेताका रुपमा स्थापित हुन्छन् भने पूर्ण व्यवसायिकतामा स्वच्छ प्रशासन दिन सक्ने मेघा व्यक्तित्व प्रशासक कहलाउँछ । अत: शासक वा त्यसको उत्प्रेरक तत्वले दूरदृष्टि राखेर युगीन जनध्वनिलाई प्रतिविम्वित गर्दै देशको राजनीतिक आदर्श र आर्थिक यथार्थलाई तालमेल मिलाई नीति निर्माण गर्ने सक्षमता प्रदर्शन गर्न सक्नुपर्छ । अनि त्यही गतिशील नीतिमा आरुढ भएर आम सेवाग्राहीमा सर्वकल्याणकारी न्यायपूर्ण सेवा दिनु कर्मचारीतन्त्रको चुरो हो ।

यसरी शासनमा अत्यधिक जनताको सहभागिता अनि निर्णय निर्माणमा उनीहरुको पूर्ण भूमिका लोकतान्त्रिक प्रणालीको धड्कन हो । लोककल्याणकारी योजना तथा नीति निर्माण र त्यसको कार्यान्वयनका संवाहक कर्मचारीतन्त्र नै लोकतन्त्रको दृष्टिविन्दु भएको हुँदा शासक र प्रशासकका आचार, विधिव्यवहार, निर्णय निर्माण, कार्यान्वयन वा अभ्यास जनकेन्द्री बन्नु आजको माग हो । लोकतन्त्रको घड्कन वा आभूषण दलका विचार र संगठन हुन् । वास्तवमा दल भनेकै राजनीति दर्शन जो व्यवहारवादी छ त्यही विचारको वाहक हो । त्यसैले त राजनीतिक दललाई विचारहरुको दलाल भन्ने उपाधि दिइएको छ । वास्तवमा विचारधारा भनेको राजनीतिक प्रक्रियाको अङ्गको रुपमा प्रतिबद्धता र कार्यबाट संबद्ध हुन्छ । मूलत: विचारधारा विचारको पद्धति भएको हुँदा यसको निरुपण बौद्धिक रुपबाट गरिएको हुन्छ । अत: विचारधाराले मौजुदा राजनीतिक पद्धतिको रक्षागर्ने वा त्यसमा परिवर्तन गर्ने सामर्थ्य राख्छ । राजनीतिक दलको उत्पत्तिलाई हेर्ने दृष्टिकोणहरुले पनि दलपद्धति माथि ठूलो भरोसा राखेका छन । त्यसैले त आधुनिक राजनीति शास्त्रका प्रकाण्ड पण्डितहरु जोसेफ लापारोम्बरा र माइनर वेनरले भनेका छन्– ”स्थानीय स्तरसम्म प्रभावकारी रहने, सामान्य जनतासित अन्तरक्रियामा सामेल भइरहने, राजनीतिक भर्तीमा उल्लेखनीय भूमिका खेल्ने, एक्लै वा अरु शक्तिसित संलग्न भएर शक्ति कव्जा गर्न वा शक्तिमा कायम भइरहन बचनबद्ध हुने नै राजनीतिक दल हो । ” त्यसै भएर त दलका हिमायतीहरु गर्जिन्छन् ”दल आधुनिक राजनीतिको ”जीवन रेखा हो ” अनि राजनीतिक दल चेतनाको ”शक्तिगृह” संझी नमनशील अभिवादन गरेका छन् । लामो सङ्घर्षपश्चात् हजारौं हुतात्माका रक्तरञ्जित क्रान्तिकारी बलिदानीबाट बल्लबल्ल जनताद्वारा संविधान निर्माण गरेर जनता शासित हुने अर्थात् ’रुल अफ ल’ को वैधानिक नागरिक राज्य निर्माणको यो क्रममा नयाँ नेपालको स्वप्तिल आदर्श घनिभूत भइरहेको केही समय यताको उत्साहपूर्ण वातावरणलाई नेपालका ठूला भनाउँदा दलहरुले गम्भीरता साथ आत्मसात गर्न नसक्दा महान् जनइच्छा माथि कुठाराघात सुरु भएको छ । सरकारी एवं गैर सरकारी क्षेत्र दुराचार र भ्रष्टाचारले व्याप्त छ । कयौं छानविन आयोगका प्रतिवेदन र रिपोर्टहरु कोठामा बन्द गराएर लहड, सनक र हठमा अराजक हर्कतमार्फत राज्य चलेको नाटक मञ्चन भइरहेको छ । मूलत: दुराचार र भ्रष्टाचारले चरम राक्षसी रुप लिइरहेको छ । बिग्रेका वा खराव आचरण भएका, नैतिक धरातल गुमेका, घूस खाने र पक्षपात गर्ने , पाए भन्दा बढी अधिकार प्रयोग गरेर विधिलाई नै हातमा लिने, अवैध र काला व्यापारीहरुनै दलका छातामा आश्रित हुनु के भ्रष्टाचारको पराकाष्ठा हैन र ? अनि कुचेष्टा , दुराचरण र नराम्रो शील स्वभावको खिल गाडेर दललाई दर्शन, विचार र मूल्य मान्यताबाट च्युत गराउनु चरम दुराचारी ल्याकत हैन र ? नेपालका ठूला भनाउँदा दलहरु जो मार्क्स, माओ, वीपी, मदन भण्डारी पुष्पलालगायतका राजनीतिक प्रवर्तकहरुलाई सिरानी हालेर लोकतन्त्र र जनतन्त्रको हवाला दिदैं स्वयं जनपीडक र राष्ट्रलाई अन्योलताको दलदलमा फसाउँछन् भने के यस्तो दल प्रणाली सर्दारतन्त्र र कविलातन्त्रको अर्को निकृष्ट रुप हैन र ? दुई वर्षको जनादेशमार्फत संविधान निर्माण गर्ने दायित्वमा ख्यालख्याल गरेर शक्ति र सत्ताको लागि मात्र च्याल चुहाउने गैर जिम्मेदार चरित्रमा डरलाग्दो कसाहीपन लुकेको छैन ?

सङ्क्रमणकालीन राज्यलाई पारलगाउन जनताले सुम्पेको भारलाई निस्सार बनाएर आफ्नै म्याद आफै थप्दै, राष्ट्रिय विभूषणलाई आफैमा लाई सिफारिस भर्दै सम्पूर्ण क्षेत्रमा भ्रष्टाचार अनाचार दुराचार र दुर्विचार को पञ्जा फिंजाउनु दलको राजनीतिक संस्कृति हो ? दलीय व्यवस्थाका प्रबल पहरेदार जनतालाई दलविरोधी बनाएर पुन: पश्चगमनको अधिनायकत्व स्थापित गर्ने कुनै कुचाल त हैन यो ? जनता प्रश्नै प्रश्नमा टेकेर प्रतिप्रश्न गरिरहेका छन् । सहमति, सहकार्य, संझौता, शान्ति, संविधान नयाँ नेपाल जस्ता शब्दअस्मितामाथि हमला बोलेर शाब्दिक अर्थको मर्ममाथि शर्म आउने गरी किन प्रहार भइरहेको छ ? अग्रगमनको हुक्काँमा डुग्रनेहरु एकपटक ’दल’ के हो बुझ ! प्रसिद्ध राजनीति चिन्तक वर्क भन्छन् –

”राजनीतिक दल त्यो समूह हो जो कुनै निश्चित र विशेष सिद्धान्तको आधारमा संयुक्त माध्यमबाट राष्ट्रिय हित गर्न चाहन्छ । ” खै यहाँ निश्चित विशेष सिद्धान्त र संयुक्त प्रयास ? खै राष्ट्रिय हितप्रतिको ऐक्यवद्धता ? आधुनिक राजनीतिक प्रणालीको सुन्दर बिम्ब दल प्रणालीमाथि किन यतिसारो हिमपात ? खै कर्मचारीतन्त्रमा स्वच्छ प्रशासन, जनसेवक हुँ भन्ने वन्दनापूर्ण कार्य ? सिद्धान्त र विचारहीन राजनीतिक दल र पङ्गु प्रशासतले देश बर्बाद गर्ने भैसक्यो । जताततै ब्रहमलूट छ ।

नातावाद चाकरीतन्त्र, कमिसनखोर र अपराधीकरणको जालोमा न त राष्ट्रको शासक कुनै दलीय नेता बन्न सक्छ न त स्वचछ प्रशासक कुनै कर्मचारीतन्त्र ? त्यसैले अव सम्पूर्ण नेपाली जनता एकपटक फेरि ब्यूँझिएर कुडाकर्कटहरुलाई ठेगान लगाई दलीय, मर्मलाई अग्लाइमा राख्दै लोकहितकारी प्रशासनलाई स्थापित गरौं । जनताको आवाज नै ईश्वरको आवाज हो, नेता र प्रशासक जनताका नोकर हुन । यो भनाईलाई लोकतन्त्रका संप्रभु हामी जनताले बोध गर्नु समयको माग हो ।

# विभिन्न विद्यालयमा कार्यक्रम सम्पन्न

**धादिङ(धास)** । बागेश्वरी उच्च माध्यमिक विद्यालय श्रोतकेन्द्र रिचोकटारको आयोजनामा श्रोतकेन्द्र अन्तर्गत प्राथमिक विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा बागेश्वरी उच्च माध्यमिक विद्यालय श्रोतकेन्द्र अन्तर्गतका विभिन्न ५ वटा विद्यालयको सहभागिता रहेको थियो ।

प्रतियोगितामा बागेश्वरी उच्च मावि रिचोकटार मलेखु प्रथम भएको छ । कार्यक्रम बागेश्वरी उच्च मावि प्राथमिक तहका इन्चार्ज कृष्णप्रसाद त्रिपाठिको अध्यक्षतामा सम्पन्न भएको थियो । प्रतियोगितामा विजयी विद्यालयका सहभागि विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको मलेखुबाट कृष्ण परियारले जानकारी दिनुभयो ।

यसैगरी विद्यार्थीहरुलाई क्षयरोगका बारेमा जानकारी दिने उद्देश्यले सेमजोड गाउँ विकास समितिको चौतारा माध्यमिक विद्यालयमा अन्तर समुह हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा धादिङ र चौतारा मावि जुनियर नाटा इकाईको संयुक्त आयोजनामा भएको कार्यक्रममा शिक्षक शम्भु ढकाल र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम तामाङको आतिथ्यता रहेको थियो ।

आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकार प्रति सजक र सचेत हुनु असल नागरिकको कर्तव्य हो ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# स्थिर आसन किन -Why silent Sitting-?

✍......गोमा लोहनी

वास्तवमा सद्गुरुहरुले भनेका छन् । मनलाई नियन्त्रण गरेर प्रतिभाशाली व्यक्ति बन ।

*विचारको बिउ रोपेर कर्मको फल भोग ।*
*कर्मको बिउ रोपेर बानीको फल प्राप्त गर ।*
*बानीको बिउ रोपेर चरित्रको फल प्राप्त गर ।*
*चरित्रको बिउ रोपेर सौभाग्यको फल प्राप्त गर । - श्री सत्य साई बाबा*

एउटा सामान्य अनुभव के हो भने हामी बाह्य रुपमा शान्त हुंदा मन आन्तरिक फतफतमा व्यस्त रहन्छ । वास्तवमा हामी निदाउंदा पनि मन पुरा समय जागा रहन्छ । फलस्वरुप हामी शारिरिक रुपले थाके पनि मन थाक्दैन । मनमा विचार उत्पन्न भएपछि हाम्रो शक्तिको थोरै अंश नष्ट हुन्छ । कल्पना गरौं जथाभावी र अनुपयोगी विचारहरुका कारण हाम्रो शक्ति कति धेरै नष्ट हुंदो हो । यदि हामीले हजारौ विचारहरुवाट अन्तमा केही वा एउटै विचार बनाउन सकेमा विशाल ऊर्जाको वचत हुन सक्छ ।

एकाग्र विचारको कारण क्षमता र गहन बोध प्रशस्त बढ्न जान्छ । त्यसैले स्थिर आसनवाट ग्रहणशलिता र बुझ्ने क्षमता भन्दा बढी राम्रो एकाग्रता आउंछ । यसले स्मरणशक्ति बढ्नलाई ठूलो सहयोग गर्छ । यसले शान्ति र मौनताका नयां सम्भावित चित्रहरु प्रर्दशित गर्छ ।

धेरै पटक हामीले चाहेको वस्तुउपर हाम्रो मन एकाग्र हुन, मनलाई इच्छित बस्तुवाट हटाउन वा त्यग्न कठिन महसुस हुन्छ । हाम्रो मन एक हांगावाट अर्को हांगामा उफ्रने चन्चले बांदर झैं एक क्षण पनि शान्त रहन सक्दैन । यो विचार प्रवाह सुखद वा दुःखद भाववाट पनि प्रेरित हुन्छ । तसर्थ हाम्रा इच्छा विपरित हाम्रा मनले हाम्रा विचारहरु, भावनाहरु र अन्तमा हाम्रा कार्यहरुलाई समेत नियन्त्रण गर्छ । स्थिर आसन यस्तो प्रवृत्ति विपरितको एउटा प्रकृया हो । हाम्रा विचारहरु आकाश समान असिमित भएकाले हाम्रो विचारहरुलाई सांसारिक वस्तुहरुमा लगाउनुको साटो स्थिर आसनले हामीलाई अन्तरयात्रातर्फ उन्मुख गर्छ ।

दैवत्वको अनुभूत हुन्छ मन शान्त र पारदर्शि हुन्छ । स्थिर आसन शुद्धीकरण एवं सफासुग्घर हुने प्रकृया हो । आध्यात्मिक हृदय शुद्ध हुन्छ । प्रेम एवं भक्तिका गुप्त धाराहरुले सजिएको हुन्छ । स्थिर आसनले सत्य, प्रेम र शान्तिका मूल्यहरु प्रत्यक्ष रुपमा बोध गराउंछ । स्थिर आसन नियमित रुपमा गर्नेहरु शान्त, कम अस्थिर, स्वयं आत्म विश्वासी भई आफ्ना काममा बढी ध्यान दिन सक्षम हुने गर्छन् । स्थिर आसन विहान ४ बजे देखि ६ बजे र बेलुका ६ बजे देखि ७ बजेका समय भित्र गर्नु अति राम्रो हुन्छ । स्थिर आसनमा वस्दा कुनै आफुलाई मन पर्ने एउटा वस्तु वा भगवान् सम्झेर वस्नु पर्दछ । लौ त व्यवहारमा उतारौं । के परिणाम आउंछ ?

# तीन बुँदा तीन दल तीन तिर

✍......यमराज जी

मृत्यृ शैयामा पुगेको संविधान सभालाई तीन दलको तीन बुँदे समझदारीले संजिवनी प्रदान गरे पनि २ हप्ता भन्दा बढी समय व्यतीत भैसक्दा पनि यो क्रियाशील हुन सकेको देखिदैन ।२ बर्षे आयुलाई लम्बाएर १ बर्ष थप गरिँदा मुलुकको दुर्घटना टरेको महसुस भएपनि मुख्य तीन दलको असहमति कायमै रहँदा जनमानसमा व्यप्त चिन्ता भने अझै प्रगाढ बनेकोछ ।राष्ट्रिय सहमतिको ठूला कुरा गरेर कहिल्यै नथाक्ने दलहरु त्यसको बिन्दु पहिल्याउन असक्षम हुँदा मुलुक र मुलुकबासीको समस्या भने झनै बढेर जाने देखिएकोछ ।

आधारातमा हतार हतार गरेर गरिएको तीनबुँदे समझदारीले तीन दलको मत भिन्नतालाई साँघुरो गरिनु पर्नेमा त्यसको विपरित थप जटिल बनाएको तथ्य दलहरु अझै पनि औपचारिक रुपमा एकै ठाउँमा आउन नसक्नुले प्रमाणित गर्दछ।राष्ट्रिय सहमतिको आधार बिन्दु राष्ट्र र जनतालाई मानेर तय गरिएको भए सम्भवत यतिखेर मुलुकको संक्रमणकाल समाप्त भैसकेर गैसक्ने थियो ।तर संक्रमण कालको यो अवधिमा आफ्नो शक्ति विस्तार तथा शक्ति सञ्चय तिर दलहरु केन्द्रित भएका कारण जनताले चाहेको शान्ती र संविधान मृगतृष्णा जस्तै भएकोछ ।हुनत माओवादीले आफुमा सत्ता लिप्सा नभएको भन्दै पुष्पकमल दहालले राजिनामा दिएको तथ्यलाई बारम्बार प्रष्टीकरण गर्दै आएपनि माधव कुमार नेपाल नेतृत्वमा सरकार गठन भए देखिनै सरकार विघटन र आफ्नो नेतृत्वमा राष्ट्रिय सरकार गठन गरिनु पर्ने भन्दै विभिन्न आन्दोलन तथा असहयोगका नीति अख्तियार गर्दै आइरहेको छ ।

निश्चय पनि बर्तमान समस्याको अचुक औषधी भनेको राष्ट्रिय सहमतिको सरकार गठन नै हो तर राष्ट्रिय सरकार गठनका लागी आवश्यक न्यूनतम राष्ट्रिय सहमति नभैकन सरकार गठन हुने भन्ने कुरा कोरा आर्दश मात्र हो ।त्यसैले सबै दलहरुले जनताका अगाडी राष्ट्रिय सहमतिको खोक्रो आड्म्बर फलाक्नु भन्दा त्यसको आधार तयार पार्ने बिषयमा गम्भीर बन्नु पर्ने देखिन्छ ।जेष्ठ १४ गते राती तीन दलले तीन बुँदे समझदारी गरेपनि यथार्थमा त्यो एक अर्का विरुद्ध गरिएको छलकपट बाहेक केही रहेनछ भन्ने कुराको पुष्टी २ साता बितिसक्दा पनि कार्यन्वयन हुन नसक्नुले प्रमाणित गरिदएकोछ।तीन बुँदामा भएको सहमतिमा तीन दलको आआफ्नो स्वार्थ मात्र केन्द्रित भएको रहेछ भन्ने कुराको पुष्टी ती दलले आफुलाई हित गर्ने बुँदालाई मात्र प्राथमिकतामा राख्नुले गर्दछ ।तीन बुँदा मध्ये सबैको स्वार्थ मिल्ने दोस्रो बुँदा भएकोले त्यसको कार्यन्वयनमा कुनै समस्या नदेखिनु तर अन्य २ बुँदामा कुन पहिला गर्ने भन्नेमा विवाद कायमै रहँदा अबको १ बर्ष पनि यत्तिकै खेर जाने होकी भन्ने आशंका उत्पन्न भएकोछ ।

सहमतिको १ नम्बर बुँदामा माओवादीको चासो नरहनु अनि ३ नम्बरको बुँदामा काँग्रेस तथा एमालेको आफ्नै अडान रहनुले पनि तीन बुँदे सहमति अलपत्र अवस्थामा पुग्न सक्ने देखिएको छ ।त्यसमाथी तीन बुँदामा भएको भन्दा अलिखित गोप्य सम्झौता कार्यन्वयन नभएको भन्दै माओवादीले आफ्ना अडानहरुलाई थप मजबुत बनाए बाट पनि अबका दिनहरु सहज नहुने अनुमान लगाउन सकिन्छ ।हुनत काँग्रेस तथा एमालेले माओवादीको लडाकु समायोजन तथा पुर्नस्थापना ,वाइसियलको अर्धसैन्य संरचना भंग तथा घरजग्गाकब्जा फिर्ता लगायतका मुद्दालाई १ नम्बरको बुँदासँग जोडेर हेरेका र त्यसको तत्काल कार्यन्वयनको कार्यतालिका सार्वजनिक गरिनु पर्छ भनेकोले माओवादीको राजनैतिक इमान्दारिता र विश्वसनीयता पुष्टीका लागी पनि यो अनिवार्य छ ।शान्ती सम्झौता भएको ६ महिना भित्र हुने भनिएको उल्लेखित कुराहरु आज सम्म पनि कार्यन्वयन नहुनुले पनि माओवादी प्रतिको विश्वास डगमगाएको हुनुपर्छ।राष्ट्रिय सरकारको नेतृत्व गर्छु भन्ने दलले आफु प्रति रहेका आशंकाहरुलाई निवारण गर्दै त्यसको वातावरण तयार गर्नु माओवादीको प्रथम दायित्व हो।संविधान सभाको ठुलो दल भएको हैसियतले मात्र सरकारको नेतृत्व पाउनु पर्छ भन्ने यदी उसको अडान हो भने त्यो पाखण्ड मात्र हो ।

जे भएपनि तीन बुँदे समझदारीको इमान्दार कार्यन्वयन हुने हो भने मुलुकले शिघ्र निकास पाउने देखिन्छ।कुन पहिले कार्यन्वयन गर्ने भन्ने भन्दा पनि आफ्नो तर्फ रहेका अविश्वासलाई सहयात्रीका बीचमा निर्मूल पार्न दलहरु गम्भीर हुन जरुरी छ।सहमतिका तीन बुँदालाई अलग अलग राखेर ब्याख्या गर्ने भन्दा पनि एकै ठाँउमा राखेर कार्यन्वयन गर्ने दिशामा दलहरु चिन्तित हुन पर्दछ।

# शिक्षकको छात्रवृत्ति वितरण

**धुषा (धास)** । धुषा गाउँ विकास समितिको वडा नं. ५ विधाङमा रहेको कालिका माध्यमिक विद्यालयले शैक्षिक सत्र २०६७ मा प्राप्त विभिन्न शिक्षकको छात्रवृत्ति वितरण गरेको छ ।

यसरी वितरण गरिएका छात्रवृत्तिमा कक्षा १ देखि १० सम्मको दलित छात्रवृत्ति, १ देखि १० सम्मकै चेपाङ छात्रवृत्ति, ५० प्रतिशत महिला ५० प्रतिशत महिला छात्रवृत्ति, कक्षा ९ र १० को जेहेन्दार विद्यार्थी छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति रहेका छन् । कुल १ लाख ४० हजार रुपैंया बराबरको छात्रवृत्ति वितरण गरिएको विद्यालयले जनाएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सहित सदस्यहरु, शिक्षक अभिभावक संघका पदाधिकारीहरु समेतको उपस्थितिमा छात्रवृत्ति वितरण गरिएको बताइएको छ ।

यसै गरी विद्यालयले शैक्षिक सत्र २०६६ को अन्तिम परीक्षामा प्रथम, द्धितीय र तृतीय हुने सवै कक्षाका विद्यार्थीहरुलाई पुरस्कार वितरण पनि गरेको छ ।

# बाल क्लबका सम्बन्धि तालिम सम्पन्न

**चैनपुर (धास)** । चैनपुर गा.वि.स.वडा नम्बर १ तल्लो रामपुरमा रहेको भुवनेश्वरी माध्यमीक विद्यालयमा विहिबार १ दिने बाल संरक्षण समिति तथा बाल क्लबको उद्देश्य र बाल अधिकार सम्बन्धि तालिम सम्पन्न भएको छ ।

एकीकृत सामुदायिक विकास अभियान ICDC धादिङको प्राविधिक सहयोग एवं बाल संरक्षण तथा सम्वर्द्धन चैनपुरको आयोजनामा भएको तालिममा भुवनेश्वरी मा.वि.का प्रधानध्यापक राजाराम इटनी बाल संरक्षण समिति तथा संवर्द्धन समिती चैनपुरका संयोजक छन्दलाल इटनीको आतिथ्यता रहेको थियो । तालिममा प्रगतिशिल बाल क्लबका प्रतिनिधी, जुनिएर रेडक्रस सर्कलका प्रतिनिधि, स्थानापति प्राथमिक विद्यालयका प्रतिनिधी, भुवनेश्वरी मा.वि.का प्रतिनिधी गरी ३८ जनाको सहभागिता रहेको थियो । तालिममा ICDC धादिङका सहजकर्ता शालिकग्राम दुवाडी र राममणी दुवाडीले बाल संरक्षण तथा संवर्द्धन समितिका उदेश्य, वाल क्लबका उद्देश्य र बाल अधिकारका विषयमा जानकारी गराउनुभएको थियो ।

## धादिङका महत्वपूर्ण टेलिफोन नम्बरहरु



| | |
|---|---|
| धादिङ अस्पताल | ५२०१३० |
| शहिद मेमोरियल अस्पताल | ५२०२८३ |
| राजमार्ग सामुदायिक अस्पताल | ५२९२८७ |
| धादिङ सामुदायिक अस्पताल | ५२०२४६ |
| गजुरी अस्पताल | ५२९११२ |
| जिल्ला आर्युवेदिक स्वास्थ्य केन्द्र | ५२०२७८ |
| प्राथमिक स्वास्थ्य केन्द्र गजुरी | ५२९१७८ |
| वेनिघाट स्वास्थ्य चौकी | ९८४१५०९३९३ |
| खानीखोला एम्बुलेन्स | ०१६-२०४१२४ |
| सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्र | ०१०६९०११५ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| ईलाका प्रहरी कार्यालय गजुरी | ५२९१६० |
| ईलाका प्रहरी कार्यालय खानीखोला | ५२९१२६ |
| जिल्ला कारागार शाखा | ५२०२४० |
| जिल्ला प्रशासन कार्यालय | ५२०१३३ |
| नेपाल रेडक्रस सोसाइटी | ५२०१३७ |
| यातायात व्यवसायी संघ | ५२०११९, ५२०६०९ |
| माइक्रोबस व्यवसायी संघ | ५२०३८७ |
| **एम्बुलेन्स सेवा** | |
| धादिङबेंसी | ५२०१५० |
| गजुरी | ५२९१७८ |
| मलेखु | ५२९२८७ |
| बैरेनी | ५२९१६२ |
| आरुघाट एम्बुलेनस | ०१९५३४५०४ |
| ने या स्व म संगठन पृथ्वी राजमार्ग | |
| इकाई धार्के (शवबहान एम्बुलेन्स) | ९८४१५१९६६६ |
| धादिङ आवाज साप्ताहिक | ०१०-५२०६१५ |
| ग्रामिण यातायात | ०१०-५२०९७४ |
| रेडियो धादिङ | ०१०-५२०९६० |
| रेडियो लोकतन्त्र | ०१०-५२०२७१ |
| रेडियो कृषि | ०१६-२१४४३९ |
| रेडियो विहानी | ०१०-५२०९९७ |
| जनमुक्ति साप्ताहिक | ०१०-६९०८४८ |
| मंगल प्रभात किरण | ०१०-५२०४४० |
| नेपाल पत्रकार महासंघ | ०१०-५२०७३० |
| गैसस महासंघ | ०१०-५२००४९ |

# गणतन्त्र र हाम्रो परम्परा


✍ ...गोविन्द लम्साल

गणतन्त्र दिवस २०६७ मनाइयो । सिडियो, डिएसपी र केही कार्यालय प्रमुखलाई यथास्थानमा राख्दा, जुनबेला गणतन्त्र स्थापनाको माग गर्दै सडकमा नारालगाउने मान्छे थिए, त्यो भन्दा बढी गणतन्त्र स्थापना भई सक्दा पनि नारा र जुलुस देखिन सकिएन, पञ्चायत कालमा सिडियो प्रमुख अतिथि बन्ने चलन गणतन्त्रमा पनि परिवर्तन भएन । निर्वाचित जनप्रतिनिधीहरु, पूर्व निर्वाचित व्यक्तिहरु विभिन्न पार्टी प्रतिनिधी एवं नेता र संघ संस्थाका प्रमुख प्रतिनिधि एवं पार्टी कार्यकर्ता भन्दा, परम्परा गत शैली नै सकृय र सम्मानित देखीयो ।

गणतन्त्र के हो ? त्यता कसैको ध्यान भएन र जुन बेला गणतन्त्रको संस्थागत गर्ने मनशाय भएका र जनताका साथमा पुऱ्याउन सकृय भएकाहरु पनि चुप लागी मन खुम्च्याउन बाध्य भएको देखियो । सबै कार्य क्रममा उहि पहिला पञ्चायतका संस्कारमा रहेका कुरा भन्दा फरक देखिन सकिएन । मन परेका नयाँ र मन नपरेका पुराना कुरा पनि देखिएन सबै शब्द जनताका मात्र बोल्नेहरुले पनि केही बोल्न सकेनन् । कति उपस्थिती पनि भएनन् । पञ्चायत कालका कार्यक्रमहरु गर्दै आएका र सिकीरहेका मानिसहरुलाई नयाँ परिवर्तित कार्यक्रमहरुको सुरुवात गर्न कठिन भएको पनि हुन सक्छ । एक दलिय संस्कारमा हुर्केका तर बहुदलमा अभ्यास गर्दै गणतन्त्रमा कार्यान्वयन गर्नु सजिलो पक्कै छैन । गणतन्त्र का बारेमा जे-जस्तो कसरत गरीरहेका छन् तिनिहरुलाई, अरु सक्षम पुऱ्याउन प्रेरणा दिलाउनुपर्ने चाँहि हो । यदि धेरै पढेलेखेका र बुझेका व्यक्तिहरुलाई २/३ घण्टाको समय दिलाउने । सबै तहका व्यक्तिहरुलाई उपस्थित गराउने सकेका सहयोग गर्ने र गराउने । परिवर्तन कुरा ठीक वेठीक छुट्याउँदै ठीकलाई प्रगति र बेठीकलाई कटौति गर्दै लानु पर्ने हुन्छ । गणतन्त्र सबै व्यक्तिको हो भन्ने चलन र परपम्परा बसाउनु पर्दछ । हुनत केही कामदारलाई पञ्चायत परम्परा बसाउने दबाब भयो होला कहिँ बहुदलको र कोहीलाई गणतन्त्रको । त्यसपछि उसलाई जुन सजिलो र अनुभव छ त्यही गऱ्यो होला ।

अब गणतन्त्र दिवसलाई नेपाली परम्परा बनाउनु पर्छ । सबै तह र क्षेत्रका व्यक्तिहरुको गणतन्त्र दिवश हुनुपर्छ । शिक्षित अशिक्षीत हुनु हुँदैन । पोष्टमा र बाहिर भएका भन्नु हुन्न । राजनिती र अन्य पेशा व्यवसाय पनि भन्नु हुन्न गणतन्त्र रोगी र बलिया, धनि र गरिब लिंग र धर्म, क्षेत्र र जातीमा पनि फरक पर्दैन ।

गणतन्त्रबाट शान्त, सम्वृद्ध र उन्नत नेपाल बनाउनु पर्छ । प्रत्येक व्यक्ति, प्रत्येक व्यक्तिका सम्मानित व्यक्ति हुन् भन्ने भावनाको विकास गराउन सक्नु हाम्रो कर्तव्य पनि हो । हामी गणतन्त्रको संस्थागत विकासमा भर्खर पाइला टेकेका मात्र छौं । गणतन्त्रको बारेमा सम्झन जति कठिन छ , अन्य प्रयोग गर्दै आएको बारेमा बिर्सन त्यतिनै कठिन छ । तरपनि बिर्सने कसरत गर्दै सम्झने अभ्यास गर्नूपर्छ । हिजाका मान पदवि आज पाइयो भनेर त्यति ठुलो मान्नु पर्दैन हिजाका घृणा र तिरस्कारले आज केही ठुलो असर पर्ला जस्तो मलाई लाग्दैन । खासै गरी नेपाली समाज अति पुरानो छ । धेरै कुरा जानेको छ । राज्यको विषयमा, नेताको विषयमा राजाको विषयमा , पञ्चायतको विषयमा राणाको विषयमा, बहुदल र गणतन्त्रको विषयमा पनि अध्यायन र प्रयोग गर्ने जमर्को गरी रहेको छ ।

त्यसैले नेपालीहरु सबैभन्दा विश्वमान चित्रमा देखीरहेका छन् । यी सबै परम्परा हामी नेपालीहरुले प्रयोग गर्दै आएका परम्परा हुन् । अब हामी गणतन्त्र बादीहरुले प्रयोग गर्दै आएका परम्परा हुन् अब हानी गणतन्त्र बादीहरुले प्रयोग गरीरहेका हरेक अवस्थामा कुन कुन कुरा राम्रा हुन् कुन कुरा नराम्रा छन् । यी सबैको प्रयोगमा संचालन गरी नराम्रा सुत्रलाई पन्छाउँदै जानु मात्र हाम्रो गणतन्त्र दिवशको सार्थकता हुनेछ । अस्तु ।

# विदाई कार्यक्रम सम्पन्न

**बेनिघाट(धास)** । वेनिघाट गाउँ विकास समिति वडा नं. ३ हर्कपुलमा रहेको हर्कपुर निम्न माध्यमिक विद्यालय छात्रावृत्ति तथा विदाई कार्यक्रम सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धेवलाल विसुन्केको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नवआगन्तुक विद्यार्थीहरुलाई स्वागत तथा कक्षा विद्यालयबाट कक्षा आठबाट उर्तिण भएर जानुभएको विद्यार्थीलाई विदाई गरिएको थियो । विद्यालयमा अध्ययनरत दलित छात्रा र माध्यामिक विद्यालय पढ्नको कक्षा आठ उर्त्तिण भई गएका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्ने कार्यक्रममा ढुमे कालिका वन उपभोक्ता समितिका अध्यक्ष होमलाल विसुन्केको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा विद्यार्थीहरु कमला विसुन्के, हेमनाथ पाण्डे, भु.पु. विद्यार्थी प्रेम वि.के. विद्यालयका प्रधानाध्यापक पहलमान श्रेष्ठ, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

## साहित्य/सिर्जना

# हाम्रो दायित्व


सुदिप श्रेष्ठ (निर्दोषी)
ढोला-८,भरभञ्ज्याङ,धादिङ

सबै मिलि सगरमाथाको शिर
ठाडो राख्न सक्नुपर्छ ।
बुद्ध जन्मीएको देश भनी
सार्थक पार्न सक्नु पर्छ ।
अज्ञानीहरुलाई ज्ञानको भण्डार
भर्न सक्नुपर्छ ।
देशले रगत माग्यो भने
ज्यान बली दिन सक्नु पर्छ ।
शान्तीको लागी सबै सबैलाई
एकजुट पार्न सक्नुपर्छ ।
सबैमीली यो नेपालको
झण्डा फर्फराउन सक्नुपर्छ ।
देशको लागी सर्वस्व त्यागी
डटेर लड्न सक्नुपर्छ ।
आफु मरेर भए पनि
देश बचाउन सक्नु पर्छ

# इच्छा संविधान

✍..निर्मला (ससाली)

दिएकाछौं महान पुरुषका नाम
भन्ने छैनौ गिरिजाबाबु
दिएकाछौं राजकिय सम्मान
गरेका छैनौं अपमान
किन दिनुपऱ्यो विशिष्ट पुरुषको उपनाम
गिरिजाबाबुनै प्यारो थियो मलाई
किन दिनु पऱ्यो राजकिय सम्मान
एउटा मात्र शब्द पनि दिएनौ मलाई ।
कुन शब्दले बनायो अपमान
किन दुखायौ चित्त तिमिले
चिरशान्तीको कामना गर्छौ
शान्ति पाओस मृत आत्माले ।
संविधान लेख्न एकजुट भयौ ?
इच्छा आकांक्षा मेरो संविधान
पाउदैन मेरो आत्माले शान्ति
नबनी देशमा संविधान ।
एउटै इच्छा थियो मलाई
लेख्न देशमा संविधान ।

# अन्तरक्रिया कार्यक्रमका सम्पन्न

**धादिङवेसी (धास)** । सेवा प्रदायक कार्यालयहरुमा स्थानीय स्तरकै कर्मचारीहुनु पर्ने, कर्मचारीको क्षमता स्तर वृद्धि गरिनुपर्ने, नीतिको आधारमा प्रशासन संयन्त्र परिचालित हुनुपर्ने, सेवा वितरणमा प्रभावकारिता आउनुपर्ने जस्ता सुझावहरु प्रशासन पुनःसंरचना आयोगलाई दिइएको छ ।

नेपाल सरकार प्रशासन पुनःसंरचना आयोगले विहिवार धादिङवेसीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमका सहभागिहरुले आयोगलाई यस्ता सुझाव दिएका हुन् । अब बन्ने नयाँ संविधानमा राज्यको प्रशासन संयन्त्रलाई जनमुखी र सेवामा समर्पित गराउने खालको प्रावधान राख्न पनि आयोगलाई सिफारिस गर्न सुझाव दिइएको छ । धादिङका प्रमुख जिल्ला अधिकारी भरत पौडेलको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा मध्यमाञ्चल क्षेत्रिय सहप्रशासक बाबुराम लामिछाने र आयोगका सदस्य सचिव तिर्थराज ढकालले कार्यक्रमको उद्देश्यबारे बताउनु भएको थियो ।

निजामति प्रशासनलाई जन उत्तरदायी, सक्षम, निश्पक्ष, पारदर्शी तथा संघिय प्रणाली अनुरुप बनाउन प्रशासन पुनःसंरचना आयोग गठन भएको, सार्वजनिक प्रशासनलाई संघिय प्रणाली अनुरुप सहयोग, सहकार्य र समन्वयात्मक प्रक्रियाद्धारा अघि बढ्न सुझाव संकलन गर्ने कार्यक्रमको उद्देश्य रहेको उहाँहरुले बताउनु भयो । कार्यक्रममा संघिय व्यवस्थापनमा संगठन संरचना र सेवा वितरणमा प्रभावकारिता, मानव संसाधन विकास तथा कर्मचारी संख्या मिलान र सार्वजनिक कार्यालयका जुन गुनासो व्यवस्थापन र निजामति सेवामा ट्रेड यूनियनको भूमिका, प्रशासन र राजनीतिक दलको भूमिका गरि तीनवटा छुट्टाछुट्टै विषयमा समुहगत छलफल र प्रस्तुती भएको थियो । अन्तरक्रिया कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधीहरु, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु विभिन्न संघ/संस्थाका प्रतिनीधिहरु कर्मचारी संघ/संगठनका प्रतिनिधिहरु लगायतको सहभागिता रहेको थियो ।

# सहकारी लेखा तालीम सम्पन्न

**धादिङवेशी (धास)** । साना कृषि सहकारी संघ लि. धादिङको आयोजनामा साना किसान संस्थागत विकास अनुशरण कार्यक्रमका कर्मचारीहरुका लागी आधारभुत सहकारी लेखा तालीम सम्पन्न भएको छ ।

साना किसान कृषि सहकारी संघको कार्यालयमा सुरु भएको तालिमको उद्घाटन साना किसान कृषि सहकारी संस्था लि. कुम्पुरका अध्यक्ष गंगा थपोलियाले गर्नु भएको थियो । विभिन्न सहकारी संस्थाका २० जनाको सहभागिता रहेको तालिममा साना किसान कृषि सहकारी संघ धादिङका प्रवन्धक खिलप्रसाद सिलवाल र साना किसान विकास वैंक गजुरीका प्रवन्धक कृष्ण अर्यालले आवश्यक जानकारी गराउनुहुनेछ ।

तालिम पश्चात सहभागीहरुले आफ्ना सहकारी संस्थाको लेखा दुरुस्त रुपमा राख्न सक्ने अपेक्षा गरिएको साना किसान कृषि सहकारी संघ धादिङका प्रवन्धक खिलप्रसाद सिलवाले जानकारी दिनुभयो ।

# शिक्षा र सरोकार

प्रकाश



शिक्षा

सिकाइको गतिशील यात्रा र अकाट्य प्रकृतिका कारण मानव सभ्यतामा निकै परिवर्तन आएको छ । आजको यस बदलिदो विश्वमा व्यक्तिले आफुलाई समयको बहावसँगै अगाडि बढाउन हर प्रयत्न गरिरहेको हुन्छ। सिकाइको प्रक्रिया व्यवस्थित र प्रक्रियावद्ध ढङ्गले अगाडि बढाउनको लागि शिक्षकको अहम् भुमिका रहेको हुन्छ शिक्षाप्रद, ज्ञानवर्द्धक र जीवनोपयोगी सिप र विचार बाँड्न सक्ने एक सबल, सक्षम र कर्तव्यनिष्ठ व्यक्तिको नाम हो शिक्षक ।

व्यक्तिले जिवनको प्रारम्भिक चरणदेखी नै सिक्दै आइरहेको हुन्छ र यो प्रक्रिया जीवनमार्फत अनवरतरुपमा चलिरहन्छ। सिकाइको क्रममा अपार भण्डार गर्न सक्ने कर्तव्यमुखी, निष्ठावान शिक्षकलाई व्यक्तिले, समाजले र पुरै राष्ट्रले अवर्णनीय र अतुलनीय परीवर्तनको संवाहकको रुपमा परिभाषित गर्दै आएको छ र त्यसै अनुसार व्यवहार गर्ने प्रयत्न गरेको छ। तर जति पनि सैद्धान्तिक रुपमा उल्लेख र बयान गरिन्छ, वास्तविक कार्यन्वयनको पक्ष त्यति फितलो हुँदै गइरहेको पाइन्छ। यसलाई व्यवस्थित ढङ्गले अगाडि बढाउने ढिला भैसकेको छ। राज्यले दिनुपर्ने उचित सुविधा र वातावरण दिन सकिरहेको पाइएको छैन भने सुनौलो भविष्यका पुर्वाधार आजका वालवालिकालाई उचित बाटोतर्फ अगाडि बढाउने र दक्षित गराउने जिम्मा पाएका शिक्षक आफैले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्दै आएको पनि पाइएको छैन । त्यसो त, जुन पक्षको कमी-कमजोरी भएका भए पनि त्यसको प्रत्यक्ष प्रभाव व्यक्ति आफैले र राष्ट्रले नराम्रोसँग भोग्नुपर्नेछ।

राष्ट्र र यसका अर्न्तगतका निकायहरुले शिक्षकका निम्ति राम्रो र दुरगामी नीति ल्याउन सकेनन् वा भनौ ल्याएनन् भनेर शिक्षकको आफ्नो जिम्मेवारी र भूमिकाबाट पछि हट्न खोज्नु सायद बान्छनीय हुँदैन। शिक्षकले आफ्नो पेशाप्रति दृढ संकल्पित भई आफ्नो बिचार र प्रवृतिबाट उज्यालोतिर सबैलाई दिशावोध गर्न हरप्रयत्न गर्नु आवश्यक पर्दछ । स्वभाविक रुपमा शिक्षक पनि यहि समाजको एक सदस्यको नाताले विभिन्न घटनाक्रम, समाचार, दर्शन र दृष्ट्रिकोणबाट प्रभावित हुन्छ तर पनि शिक्षकले त्यस्ता विचारबाट माथि उठेर अद्धितिय नमूना प्रर्दशन गर्न सक्नुपर्दछ।

सिकाई र नयाँ ज्ञानको खोजीतर्फ लागीरहने आफ्नो अपूर्ण शक्तिको समुचित प्रयोग गर्दै जुनै पूर्वाधारका वा परिस्थितीका सिकारुलाई पनि आवश्यक तरीकाहरु अपनाएर जस्तो सुकै परिस्थितीबाट पनि विचलित नभई लक्ष्यतर्फ उन्मुख हुन अभिप्रेरित गर्न शिक्षकले एक सवलीकरणको काम गर्न सक्नुपर्दछ। सम्माननीय र अनुकरणीय व्यक्तित्वको रुपमा आफुलाई हरपल प्रस्तुत गर्न इमान्दारी, लगनशील, सहनशील, उत्सुक र विनोदप्रिय हुनु आवश्यक छ । यि र यस्तै उत्कृष्ट गुणहरुबाट सम्पन्न व्यक्तिहरु योग्यता र उचित क्षमताका आधारमा शिक्षक नियुक्ति हुनुपर्नेमा खासै त्यस्तो हुने गरेको (भएको) पाइँदैन। खासैगरी सामुदायिक विद्यालयमा पठन-पाठन शुरु गरेका शिक्षकहरुको क्रियाशिलता र कार्य संपादनमा विशेष गरी प्रश्नचिन्ह लाग्ने गरेको छ । राजनैतिक दलहरुको मातृसंगठनको रुप स्थापित संघ संस्था र त्यससँग सम्बन्धित शिक्षक र समुहले कत्तिको राम्रो तवरले शिक्षण कार्य गर्न सक्दछन् । यो आफैमा एक अनौठो विषय छ । यसरी शिक्षा क्षेत्रमा राजनैतिक हस्तक्षेप बढ्दै गएको वर्तमान परिपेक्ष्यले कुनै निशिचित सभ्य र समुचित भविष्य भएको समाजको कुनै पनि सम्भावना देखाउँदैन। जसले गर्दा राम्रा शिक्षक होइन, हाम्रा शिक्षक भर्ना गर्ने र आफ्नो सिद्धान्त शिक्षकद्धारा ठाउँ, समाजमा विस्तारीत गर्ने एकमात्र सोचको हावी हुन्छ र त्यसै अनुरुप गर्दछन् । त्यस्तैगरी संस्थागत विद्यालयलाई आफ्नो नातागोताका शिक्षकलाई जागिर खुवाउने भर्ती केन्द्र र शिक्षालाई व्यावसायका रुपमा अघि बढाउने वर्तमान परिवेशले पनि शिक्षक र शिक्षण पेशा दुवैलाई धमिल तुल्याएको छ। यी र यस्ता सयौं शैक्षिक संस्थालाई राजनैतिक र वैचारिक हस्तक्षेपवाट टाढा राखी देश निर्माण तिर अघि बढ्ने समय आएको छ, समय घटि्कन लागिसकेको छ । वुद्धिजीवि, नागरिक समाज र मानव अधिकार कर्मीलगायत सबैले एकपटक समूहगत रुपमा प्रस्तुत हुने समय आएको छ । अहिलेको देशको प्रमुख माग पनि यही हो ।

# विद्यार्थीहरु कक्षा कोठामै बेहोस

**धादिङवेशी (धास)** । बढ्दो गर्मि सँगै जिल्लाका विभिन्न स्थानमा रहेका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु कक्षा कोठामै बेहोस हुन थालेका छन् ।

यसै क्रममा क्रममा विहिवार निलकण्ठ गाउँ विकास समिति वडा नं. ५ धादिङवेसीमा रहेको बालमन्दिर निम्न माध्यमिक विद्यालयका दुई जना विद्यार्थी कक्षा कोठामै बेहोस भएका छन्। यसरी बेहोस हुनेमा कक्षा ५ मा अध्ययन गर्ने छात्रा शान्ती श्रेष्ठ र कक्षा सात मा अध्ययन गर्ने छात्रा पूर्णीमाया तामाङ रहेका छन्। छात्राहरुमा अत्याधिक गर्मीका कारण स्वास प्रश्वासमा समस्या आए पछि बेहोस भएको र अन्य कुनै कारण नभएको जिल्ला अस्पताल धादिङले जनाएको छ । बढ्दो गर्मीका कारण अन्य विद्यालयहरुमा पनि यस्तो समस्या आउन सक्ने धादिङ अस्पतालमा आकस्मिक सेवामा कार्यरत अहेव विश्व रानाले बताउनु भयो। त्यसै गरी अत्याधिक गर्मीका कारण विद्यार्थीहरुको मस्तिष्कमा समेत असर पर्न सक्ने र हिस्टेरीया हुन सक्ने पनि अहेव रानाले बताउनुभयो।

यस अघि खाल्टे गाउँ विकास समितिमा रहेको महेन्द्रोय कालिका माध्यमिक विद्यालयमा पनि विद्यार्थीहरु बेहोस हुन थालेपछि केहिदिनका लागि विद्यालय बन्द गरिएको थियो ।

# कृषिको क्षेत्रमा बजेट छुट्याउन किसानको माग

**गोगानपानी (धास)** । कृषि क्षेत्र मर्यादित र सबैको चासोको विषय बन्न नसकिरहेको गुनासो आइरहेको बेला गाउँ विकास समितिबाट कृषिको क्षेत्रमा बजेट छुट्याउन किसानहरुको माग बढ्न थालेको छ। गोगनपानी गाउँ विकास समितिमा बुधबार आयोजित एक कार्यक्रममा सहभागीहरुले कृषिमा बजेट छुट्याउन माग गरेका हुन् ।

विकेन्द्रित एवं सहभागितात्मक कृषि प्रसारका लागि गा.वि.स स्तरीय सरोकारवाला गोष्ठिका सहभागी किसानहरुले स्थानीय स्वायत्त शासन ऐन २०५५ विनियमावली २०५६ र गाउँ विकास समिति अनुदान कार्यविधि २०६६ मा व्यवस्था भए बमोजिम कृषिमा लगानी गर्न माग गरिएको बताइएको छ । गोष्ठिमा गोगनपानी गाविसका सचिव माधव खनाल, दिगो भू-व्यवस्थापन कार्यक्रमका वरिष्ठ कार्यक्रम अधिकृत डाक्टर विष्णु कुमार धिताल, फिल्ड अफिसर रस्मि पण्डित, सिड्स धादिङका कार्यकारी निर्देशक गोकर्ण रुपाखेती लगायतले विद्यमान ऐन, नियम र कृषि क्षेत्रका समस्याका बारेमा चर्चा गर्नु भएको थियो ।

कार्यक्रमबाट गोगनपानी गाउँ विकास समिति अन्तरगत कृषि विकास परिषदलाई सर्वदलिय राजनीतिक संयन्त्रबाट अनुमोदन गरि कृषि विकास समिति गठन गरिने बताइएको छ । कार्यक्रममा गोगनपानी गा.वि.सका नौवटै वडाका किसान प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# स्वास्थ्य

## क्षयरोग

### क्षयरोग भनेको के हो ?

क्षयरोग भनेको माइक्रेव्याक्टेरियम ट्युबरक्युलोसिस नामको सुक्ष्म किटाणुबाट हुने सरुवा रोग हो । यो रोग खोक्दा, हाच्छियुँ गर्दा हावाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ ।

### क्षयरोग कसरी सर्दछ ?

-फोक्सोको क्षयरोगीले खोक्दा, हाच्छियुँ गर्दा क्षयरोगका कीटाणुहरु बाहिर निस्की हावामा रहेका हुन्छन । निरोगी मानिसले स्वास लिँदा हावाको माध्यमबाट फोक्सोमा पुग्दछन् र क्षयरोग सर्न सक्छ तर फोक्सोमा किटाणु पुगेका सबै मानिसहरुमा भने क्षयरोग देखा नपर्न सक्छ ।

-फोक्सोको क्षयरोगीले रोग सार्ने सम्भावना धेरै हुन्छ । त्यसैले यस्ता विरामीहरुले चिन्ह र लक्षणहरु देखिनासाथ समयमै जचाई उपचार गराउनु पर्दछ ।

-क्षयरोग लागेको हो/होइन निश्चित गर्नको लागि बिरामीको खकार ३ पटक जाँच गराउनुपर्दछ ।

-क्षयरोगी पशुहरु (गाई, भैंसी) को दूध नउमालेर पिउँदा पनि क्षयरोग सर्दछ ।

### क्षयरोगका मुख्य चिन्ह र लक्षण

-२ हप्ता वा सो भन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।

-खकारमा रगत देखा पर्नु

-साँझपख हल्का ज्वरो आउनु

अन्य लक्षणहरु

-खाना खान मन नलाग्नु

-वजन(तौल) घट्नु

-कमजोर हुँदै जानु

-छाती दुख्नु

### क्षयरोगको शंका लागेमा के गर्ने

-नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्ने ।

-स्वास्थ्य कार्यकर्ताको सल्लाहअनुसार ३ पटकसम्म खकार जँचाउने ।

-क्षयरोगको निदान भएमा नियमीत रुपमा स्वास्थ्यकर्मीको सल्लाहअनुसार नबिराइकन पूरा मात्रामा औषधी सेवन गर्ने ।

-डट्स (प्रत्यक्ष निगरानीमा गरिने उपचार) प्रविधिबाट पूरा मात्रामा औषधी सेवन गरेमा क्षयरोग (टी.बी.) निको हुन्छ ।

### क्षयरोगबारे थाहा पाउनै पर्ने महत्वपूर्ण कुराहरु

-प्रत्यक्ष निगरानीमा नियमीत औषधी उपचारबाट क्षयरोग पुरै निको हुन्छ ।

-नियमीत र पूरा मात्रामा औषधी नखाई बीचबीचमा औषधी खान छोड्दा यो रोग निको हुँदैन ।

-बिरामीले उपचार सुरु गरेको २/३, ५ महिना र उपचारको अन्तिम महिनामा स्वास्थ्य कार्यकर्ताको सल्लाहअनुसार खकार जचाइरहनुपर्दछ ।

-क्षयरोग सरुवा रोग भएकाले क्षयरोग हुने घरका परिवारका सदस्यहरुको साथै क्षयरोगीको सम्पर्कमा रहेका सबै मानिसको स्वास्थ्यका साथै खकार परीक्षण गर्नु अति आवश्यक छ ।

-गर्भावस्था तथा सुत्केरी अवस्थामा पनि स्वास्थ्यकर्मीको सल्लाहअनुसार क्षयरोगको औषधी प्रयोग गर्दा कुनै हानी हुँदैन ।

-सरकारी, गैरसरकारी,निजी क्षेत्रका संघसंस्था र समाज सबैले मिलीजुली कार्य गरे क्षयरोग निर्मुल गर्न सकिन्छ ।

**प्रत्यक्ष निगरानीमा नियमित र पूरा मात्रामा औषधी सेवन गरौं क्षयरोग पुरै निको पारौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय धादिङ**

## जग्गा चाहियो

**कुनै एक कम्पनीको लागि धादिङ जिल्ला नीलकण्ठ गा.वि.स. वडा नं. २ र ५, सुनौलाबजार गा.वि.स.को तल्लोबेसी, मुरलीभञ्ज्याङ गा.वि.सको ससाह, धादिङवेसी आसपासको क्षेत्र र सल्यानटार गा.वि.स.मा पानी, बत्ती र बाटोको सुविधा भएको एकदेखि पाँच रोपनीसम्मको एउटै पल्ट जग्गा चाहियो ।**

सम्पर्क फोन :
९८४१४५५०५५, ९८०३८७६३४०

# किन गराइदैन समानुपातिक प्रतिनिधित्व ?



✍ ... राजाराम शर्मा

dhadingawaj.com

आजको सन्दर्भमा हाम्रो देशमा विकासमा आशातित सफलता पाउन नसक्नुमा पनि महिला, पिछडिएको वर्ग, दलित, जनजाति, आदिवासि तथा अल्पसँख्यकहरुको राजनीतिक, आर्थिक, सांस्कृतिक प्रशासनिक, सामाजिक लगायतका क्षेत्रहरुमा समानुपातिक प्रतिनिधित्व नहुनु नै हो । यसरी उनीहरु विकासका प्रयासहरुमा अलग्गीनु सामाजिक असमावेशि वा बन्चितिकरण (Social exclusion) हो।

राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक र जातिय दृष्टिले भिन्न समाजका प्रत्येक जनताले राज्य सँचालनका सवै क्षेत्रमा समानुपातिक सहभागिताको अवसर पाउनु नै सामाजिक समावेसिकरण हो। यसरी सामाजिक समावेशीकरण भन्नाले मानव जीवन तथा सभ्यतालाई अगाडि बढाउने शिक्षा, सम्पत्ति र सत्ताबाट कुनै समुदाय, जाति, लिँग र धर्मको आधारमा टाढा नराख्नु वा पहुँच गराउनका लागि राज्यबाट प्राप्त हुने सेवा सुविधामा सकरात्मक विभेद नीति अपनाएर कार्यन्वयन गराउनु तथा उनीहरुको सहज प्रवेश तथा निर्णायक उपस्थिति हुनु नै समावेशिकरण हो । सामाजिक समावेशीकरण अवधारणा वास्तवमा समाजमा सामाजिक तथा आर्थिक रुपबाट पछाडि परेका वर्गको समहितीकरण गर्नु हो । समाजलाई आर्थिक, सामाजिक, राजनीतिक र प्राकृतिक विषयसँग आवद्ध गराउन विभिन्न प्रक्रियाहरु जस्तै आरक्षणको व्यवस्था, सकरात्मक विभेद, सकरात्मक कार्य, छनौटपूर्ण ( प्राथिमिकता) नीति नै यसको मूल कुरो हो ।

विकासका सँभावना तथा अवसरहरु सम्बन्धित स्थानको आवश्यकता, विद्यमान श्रोत साधन, सहभागितामूलक योजना तथा कार्यान्वयन, स्थानीय समुदायको उत्साह तथा प्रतिवद्यतामा भर पर्दछ। मानविय विकास नै त्यस्तो दीर्घकालिन विकास हो जहाँ व्यक्ति व्यक्तिको स्वचेतनाबाट शुरु भएर समूह, समुदाय तथा राष्ट्रिय तहका नीति, नियम, प्रणाली तथा कार्यान्वयन पक्ष सम्ममा स्वत स्फूर्त रुपबाट अघि बढरे सँस्थागत बन्न सक्दछ। यस्तो प्रकारको विकास तव मात्र सम्भव हुन्छ जव हरेक मानिस लिँग, जात, धर्म आदिको आधारमा असमान नभई हरेक क्षेत्रमा उनीहरुको सँलग्नता हुन्छ, उनीहरु आफूमा बरावरको हैसियत राखेर अन्य व्यक्तिहरु सँग सँगै प्रतियोगि बन्न सक्छन् , आफ्ना विषयमा छलफल गर्न सक्छन र हरेक व्यक्तिसँग आ आफ्नो खुवी तथा दक्षता हुन्छ भन्ने मानसिकतामा बृद्धि भएर उनीहरुमा शशक्तिकरणको विकास हुन्छ यसरी समावेशिकरण नीतिको मूख्य सोच पनि यहि हो। जुन अन्तत्वोगत्वा दीगो विकासको लागि सहायक सिद्ध हुन्छ ।

यसकारण सामाजिक रुपमा पछाडि परेका वर्गको स्थिति विश्लेषण गर्दा सामाजिक समावेशिकरण पनि अर्न्तनिहित भएर आउँछ। समावेशिकरण नीति आजको विकास प्रक्रियामा अत्यन्त आवश्यक र महत्वपूर्ण भएको छ । सकरात्मक विभेद नीति र अति गरिव नीति (सामाजिक तथा आर्थिक रुपबाट) नै यसको परिपूरकको रुपमा आएको छ ।

# चित्रगुप्तको चक्षु

## भाषणमा सदावाहर

आजकाल टेलिभिजनका पर्दा र पत्रिकाका पानाहरुमा नेता जी हरुका भाषण देखिने र छापिने गर्दछ । चित्रगुप्त ति वाणीहरुलाई ध्यानमग्न भएर सुन्छ, हेर्छ, पढ्छ। विचरा त्यसो नगरेर पनि के गरोस् । आजभोलिका समाचार ति बाहेक केही बन्दैनन् ।

शोसित, पिडित, भोका, गरिब र असायहरुका विषय त आजकाल समाचारै बन्न छोडेको जस्तो लाग्छ चित्रगुप्तलाई अझ गाउँमा र जिल्लामा फर्कने हो भने त नेता जि का एउटै भाषण सुन्दा सुन्दा कार्यक्रममा सहभागीहरुले हाई काड्नु पर्ने हुन्छ। संविधान सभाको चुनाव अघि चुनाव कै कुरा चुनाव पछि संविधान निर्माणका कुरा अहिले म्याद थपिएपछि बहादुरी कुरा यी सबै कुरा सुन्दा सुन्दा चित्रगुप्तलाई लाग्न थालेको छ कि नेता फेरिएपनि किन फेरिएन विचार ? विचार अलग हुनेहरुका पनि किन भाषण एउटै ? शासनको चटनी चटाउने पर्ने बेलामा भाषणको चटनीको कुनै स्वाद छैन । किन नेताजी ले यो कुरा बुझ्दैनन् भन्ने कुरामा चित्रगुप्तलाई टिस लागेर आएको छ । चित्रगुप्त एकान्तमा सुझाव दिन्छन कि “नेता जी जनता अनुसारको भाषण गर, समय अनुसारको विचार देऊ, आवश्यकता अनुसारको निति बनाऊ, अनि मात्र तिम्रो बुद्धिमता प्रस्तुत हुन्छ । ”


**प्रतीक कम्प्यूटर मर्मत केन्द्र**

यहाँ हरेक किसिमका कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलब्ध छ।

**तिलक क्षेत्री**

फोनः ९८४१६५६१११, ९७५१०९७७७८

धादिङबेसी बीचबजार,

राष्ट्रिय वाणिज्य बैंक संगैको तल्लो घर


# बेमौसमी तरकारी उत्पादन प्रविधी र फाइदाहरु

✍ कमलप्रसाद अधिकारी

प्रतिकुल मौसममा बेर्ना तयार गरी मौसम नभएको बेलामा तरकारी बाली उत्पादन गर्ने प्रविधीलाई बेमौसमी तरकारी उत्पादन प्रविधि भनिन्छ । हावापानी र जमिनको बनावटलाई सदुपयोग गर्ने हो भने नेपालमा जुनसुकै समयमा पनि बेमौसमी तरकारी खेती गर्न सकिन्छ । विशेष गरी समुन्द्री सतहबाट ६१ मिटर देखि २६००मिटर उचाईसम्म बेमौसमी तरकारी खेती गर्न राम्रो मानिन्छ । नेपालमा सामान्यतया असार देखि मंसिर सम्म उत्पादन गरिने तरकारीलाई मुख्य रुपमा बेमौसमी तरकारी भन्ने चलन छ । यो समयमा उत्पादन गरीने तरकारी बालीहरुबाट बढी आम्दानी हुने भएकाले किसानहरुको आकर्षण बढ्दै गएको छ ।

बेमौसमी तरकारी उत्पादनका केही प्रविधीहरु :

- प्लास्टीक घर भित्र तरकारी खेती
- गुमोज भित्र तरकारी खेती
- कोल्ड फ्रेम, ल्याथ हाउसको प्रयोग
- तातो नर्सरीमा बेर्ना उत्पादन आदी।

ठाउँको छनौट :

- उर्वर एवम् प्रशस्त मात्रामा प्रांगारीक पदार्थ भएको जमिन ।
- सींचाई र निकासको राम्रो व्यवस्था भएको भु-भाग
- पारीलो ठाउँ ।
- बजारको सुविधा एवम् व्यवावस्थापन भएको ठाउँ ।
- हावापानी तथा उचाइको अधिकतम उपयोग गर्न सकिने ठाउँ ।
- तरकारीका बेमौसमी जातहरु र कृषि सामाग्रीहरुको सहज उपलब्धता

फाइदाहरु :

- थोरै जमिन, छाटो समय र सानो लगानीमा प्रति एकाई क्षेत्रफलबाट अन्नबालीहरुबाट भन्दा बढि आम्दानी लिन सकिन्छ ।
- ताजा तरकारीको उपलब्धताले स्वस्थ्य रहन मद्धत गर्दछ ।
- रोजगारीको अवसर सृजना हुन्छ।
- खाद्य सुरक्षामा सेवा पुऱ्याउँछ ।
- निर्यात बढाउन सहयोग पुग्छ ।
- आर्थिक रुपमा आत्मनिर्भर बन्न सकिन्छ।


**के तपाइलाई थाहा छ ?**

विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, गाइड, गेसपेपरका साथै स्टेशनरी सामानहरु र मोवाईलको रिचार्जकार्डहरु यहा पाइन्छ।
साथै कस्मेटिक सम्बन्धी सम्पूर्ण सामाग्रीहरु पनि पाइन्छ।

प्रो. राजन लम्साल

**राजन स्टेशनरी एण्ड गिफ्ट ग्यालरी**

मुरलीभञ्ज्याङ-७, निगालपानी
सम्पर्क : ९८४१७१७८५८, ९८४१६५६६५३


# बाल क्लव पुनर्गठन

**ढोला (धास) ।** ढोला गाउँ विकास समितिको वडा नम्वर ७ मा रहेको कालिका माध्यमिक विद्यालयमा क्रियाशिल सिदार्थ बाल क्लवको पुनर्गठन गरिएकोछ।

बाल क्लबका निवर्तमान उपाध्यक्ष रञ्जु श्रेष्ठको अध्यक्षतामा भएको विद्यार्थीहरुको भेलाले बबिराज श्रेष्ठको अध्यक्षतामा १९ सदस्यीय बालक्लबको पुनर्गठन गरेको हो ।

पुनर्गठित समितिको उपाध्यक्षमा राजकुमार पुलामी, सचिवमा विनोद घिमिरे सहसचिवमा विनिता रिजाल र कोषाध्यक्षमा अनिता गुरुङ रहनुभएको छ। यसैगरी भेलाले खेलकुद, सांस्कृतिक र अतिरिक्त क्रियाकलाप समितिको पनि गठन गरेको छ । विद्यलायका प्रधानाध्यापक सिताराम अधिकारीको प्रमुख आतिथ्यमा भएको भेलालाई शिक्षक कृष्णराज दुवाडि र आई.सि.डि.सीका सामाजिक कार्यकर्ता राममणि दुवाडिले सम्बोधन गर्नुभएको थियो ।

# विद्यालय छाडेका लागि खुला शिक्षा

**थाक्रे (धास) ।** विभिन्न कारणले विद्यालयको पढाई पुरा गर्न नपाएकाहरुको लागि थाक्रे-३ जनजागृति मा.वि. महादेववेशीमा मा.वि. तहको अनौपचारिक खुला शिक्षा सञ्चालन शुरु भएको छ ।

शैक्षिक स्तर वृद्धि गर्ने उद्देश्यले जिल्ला शिक्षा कार्यालयको आर्थिक अनुदान तथा युयमएन र सिड्स धादिङको थप सहयोगमा सञ्चालित उक्त कक्षामा ३१ जना सिकारुहरुको सहभागिता रहेको छ।१८ वर्ष उमेर देखि ४६ वर्ष उमेर सम्मका सिकारुहरुको सहभागिता रहेको कक्षागत शैक्षिक सत्रमा नि.मा.वि तहको अनौपचारिक खुला शिक्षा उर्त्तिण १८ जना र कक्षा ८ पास गरी २ वर्ष पूरा गरेकाहरु रहेका छन् ।

विद्यालय प्र.अ. सानुकारजी महिलाको सहभागिता बढिरहेकोले सिकारुको उपयुक्ततामा कक्षा सञ्चालन गरिने बताउनुहुन्छ।


**हामीलाई सम्झनुहोस**

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामानहरु, मेरो मोवाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस् ।

प्रो. नारायणकुमार श्रेष्ठ

**त्रिपुरा पुस्तक पसल धादिङवेसी**

फोन नं : ०१०-५२०१९०, मो नं. ९८५१०१३३८७



पत्रिकाको ग्राहक बन्नु परेमा, पत्रिकामा विज्ञापन दिनु परेमा वा पत्रिका समयमा उपलब्ध नभएमा वा कुनै सल्लाह, सुझाव भएमा र समाचार लेख रचना पठाउनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।

**धादिङ आवाज साप्ताहिक**

नीलकण्ठ-५,धादिङबेसी, ०१०५२०६१५,
dhadingvoice@gmail.com, web: dhadingawaj.com.np